संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा ३५,०००/-
ज्याकेट ७५,०००/-
नोट: ५,२०,०००/- भन्दा माथिको बैलाग मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१५, ▶▶ अंक ३७१ साउन १४ बिहिबार,२०७८, July–29 Thursday 2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

# त्रियुगा नगरपालिकाका हाकिमलाई चुनौती नै चुनौती

## बत्ति बाल्न पनि समाचार लेख्नुपर्ने ?

❖ बेद कुमारी राई

*उदयपुर,साउन १३*



गाईघाट सिटिहलदेखि नेपाल पत्रकार महासंघ हुँदै बोक्से जाने सडकको सडकबत्ती बुधबार अपरान्ह नगरपालिकाले बनाएको छ ।

साउन १० गते आईतबारदेखि मुलुकी दैनिकले समाचार लेखेपछि बुधबार नगरपालिकाका गोपाल चौधरी र प्रकाश रेग्मीले दुई वटा सडकबत्ती बनाएका हुन् ।

❖ बुद्धि कुमार राई

*त्रियुगा,साउन १३*

२०५४ सालमा स्थापना भएको त्रियुगा नगरपालिकाको पहिलो कार्यकारी अधिकृत थिए शाखा अधिकृत शंकरबहादुर कार्की । उनी २०५४ साल साउन २२ गते आएर ६ महिना काम गरी २०५४ साल माघ २९ गते सरुवा भएर गए ।

शाखा अधिकृत कार्यालय प्रमुख रहेको नगरपालिकामा ११ जना शाखा अधिकृत आईसकेपछि २०७० साल असोज ६ गते उपसचिव तहको कार्यालय प्रमुख कार्यकारी अधिकृत हुने गरेर खड्ग बहादुर कार्की आए । कार्की ३ बर्ष १८ दिन काम गरेर २०७३ साल कातिक २४ गते सरुवा भएर गए । त्रियुगा नगरपालिकाको १८ औ कार्यालय प्रमुख तथा सातौ उपसचिब भएर आएका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण




बिक्रम थापा २०७६ साल असार ३ गते आएका थिए । सामान्य रुपमा एउटा कार्यालयको कार्यालय प्रमुख दुई बर्ष काम गरेर अर्को ठाउँ सरुवा हुने व्यबस्था छ ।

थापा आएका अहिले २ बर्ष एक महिना ७ दिन भयो। प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बिक्रम थापा २०७८ साउन २ गतेदेखि बिदामा छन् । उनले निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी



## १९ औ हाकिम को ?



बिश्वजित राई
निमित्त प्रमुख प्रशासकिय अधिकृत
त्रियुगा नगरपालिका, उदयपुर

नगरपालिकाका बरिष्ठ अधिकृत बिश्वजित राईलाई जिम्मा लगाएर गएका छन्। थापा बिदामा बसेको ११ दिन भईसक्केको छ । संभवत उनी सरुवा लिन मन्त्रालय गएका हुन् । थापा पुन नगरपालिका नआएमा त्रियुगा नगरपालिकाले १९ औ कार्यालय प्रमुखको रुपमा प्रमुख प्रशासकिय अधिकृतको प्रतिक्षा गर्नुपर्ने हुन्छ ।

नयाँ प्रमुख प्रशासकिय अधिकृतलाई त्रियुगा नगरपालिकामा काम गर्न धेरै चुनौती रहेको छ। नगरपालिकाका जनप्रतिनिधिहरुको कार्यकाल सकिन १० महिना बाँकी रहँदै गर्दा उनीहरुलाई चुनाबमुखी काम गर्न खोजिरहन्छन् । तेसो त त्रियुगा नगरपालिकामा स्विकृत ६४ जना दरबन्दी सहित करिब एक सय पचास बढि कर्मचारीको नेतृत्व गर्नुपर्ने हुन्छ। यि बाहेक पनि त्रियुगा नगरपालिका ब्यस्त र जोखिम बढि भएको नगरपालिका भएकाले १२ जना नगर प्रहरीलाई फोनको भरमा चलाउन सक्ने कार्यालय प्रमुखको आबश्यकता रहेको छ ।

नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारको अस्तब्यस्तलाई चिर्न सक्नुपर्छ भने नगरपालिकाको पहाडी वडाहरु साउने १४, खाँबु १५, जाल्पा १६ सहित छेउलो वडाहरु जोगिदह १, कौवाई ७, दमौती ५ को समस्या बुझ्न सक्ने कार्यालय प्रमुखको जरुरी रहेको छ । अहिलेसम्म आएका १८ जना कार्यालय प्रमुखहरुमा ५ जना - *बाँकी ३ पेजमा*

# गाईघाटमा थेगिनसक्नु अचाक्ली भाडा बृद्धि

❖ मनिता कुमारी राई



ओमभक्त मैनाली
अध्यक्ष
उदयपुर हिमाली यातायात व्यवशायी केन्द्र, उदयपुर




*गाईघाट,साउन १३*

उदयपुर हिमाली यातायात व्यवशायी केन्द्र, उदयपुरद्वारा उदयपुरबाट सञ्चालित सार्बजनिक सवारी साधनहरुमा अचाक्ली भाडा बृद्धि भएको छ।

नेपाल सरकारले सघं संस्था रहित नयाँ दर्ता गर्नको लागि परिमार्जित संस्थाबाट फेरि संस्था दर्ता गराएपछि विगतमा हिमाली यातायात व्यवशायी संघ रहेको उक्त संस्था अहिले उदयपुर हिमाली यातायात व्यवशायी केन्द्र बनेको छ । त्यस बाहेक अहिले संस्थाले रौता हिमाली ब्याबसायी कम्पनी समेत दर्ता गराएर कम्पनीको रुपमा काम गरिरहेको अध्यक्ष ओमभक्त मैनालीले जानाकारी दिए ।

अहिले संस्थाको नाम उदयपुर हिमाली यातायात ब्याबसायी केन्द्र र रौता ब्यबशायी कम्पनी रहेको छ । हिमाली यातायात ब्यबशायी संघ २०५३ साल बैशाखमा उदयपुरमा स्थापना भइ २०७५ बैशाखमा परिमार्जन भएर उदयपुर हिमाली यातायात व्यवशायी केन्द्र बनेको हो । गाईघाटदेखि पोखरासम्मको दुरी ४ सय किलोमिटर रहेको छ । २८% भाडा बढ्नु पहिले पोखराको भाडा गाईघाटदेखि ८ सय रहेको थियो। पेट्रोलको मुल्य बढेपछि अहिले पोखरासम्मको गाडिभाडा एक हजार ९० रुपैया भएको अध्यक्ष मैनालीले बताए । गाईघाट - *बाँकी २ पेजमा*

त्रियुगा नगरपालिका गाईघाट उदयपुर

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना



जेष्ठ नागरिक एकल महिला अशक्त/अपाङ्ग
लोपोन्मुख जाति बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ सालको श्रावण १ गते देखि भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयं वा संरक्षक उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।
तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

## सम्पादकीय

# यति काम त गर ।

त्रियुगा नगरपालिकालाई पछिल्लो समय उपमहानगरपालिका बनाउने कसरतमा जनप्रतिनिधिहरु लागिरहेका छन् । समय क्रम र बिकाससँगै उपमहानगरपालिका पनि बन्छ, बन्नेछ र बनाईनेछ । अहिले त्रियुगा नगरपालिका २०५४ सालको जस्तो नगरपालिका रहेन । नगरपालिका स्थापना २०५४ सालदेखि अहिले २०७८ सालसम्ममा त्रियुगा नगरपालिकाले धेरै बिकासमा फड्को मारिसक्यो ।

लामो समय भयो त्रियुगा नगरपालिकाको कार्यालयले मुहार फेर्न नपाएको । सामान्यतया कार्यालयको भौतिक पुर्वाधार पनि हेर्न लायक हुनुपर्दछ । अहिले रहेको नगरपालिकाको कार्यालय आफैमा सानो रहेकाले सबै विभाग, फाँट चलाउन नसकिने अबस्थामा छ । पार्किङको झन ठुलो समस्या छ । नगरपालिकाको कार्यालय बिकल्पको रुपमा अर्को ठाउँ सार्ने र अहिले रहेको नगरपालिकाको कार्यालयलाई त्रियुगा नगरपालिकाको वडा नम्बर ११ को वडा कार्यालय भवन बनाउन उचित देखिन्छ । त्रियुगा नगरपालिकाको कार्यालय भवनको मुहार संग हेर्ने हो भने निराश, बैराक लाग्ने किसिमको छ । लामो समय भयो नगरपालिकाको भवनको रङगरोगन गर्ने काम नभएको । अहिले भवनको रंग गुलाबी कलरको छ । नगरपालिकाको फेसबुक, पेजहरुमा अहिले पनि पुरानो भवनको फोटो छ । नगरपालिकाको भवनलाई आकर्षक, हेर्न लायक, शान्त र सुन्दर बनाउन तुरुन्तै हरियो रंगले भवन रंगरोगन गरियोस ।

अहिले नगरपालिकाले त्रियुगा नगरलाई ग्रिन सिटी, स्मार्ट सिटि बनाउने भनेर भनिरहँदा नगरपालिकाको भवन नै हरियो रंगका नभई कसरी हरित नगर बन्ला । अहिलेको गुलाबी मधुरो रंगको नगरपालिकाको भवनले हरित नगर त्रियुगा लाई जिस्काईरहेको छ । त्यस्तै बजार क्षेत्रको सडक छेउछाउको सुन्दरता बढाउन नगर प्रहरी, ट्राफिक प्रहरी, सरसफाईकर्मी र स्थानीयहरुलाई आफ्नो पसल, घर अगाडी सरसफाई गरेर नगरलाई सुन्दर हरियाली बनाउन सहयोग गर्ने ब्यक्तिलाई प्रोत्साहन गर्नुपर्दछ । त्रियुगा नगरपालिकाको कार्यालय भवनको रंगरोगन तत्काल तुरुन्तै गरिनुपर्दछ । दशै आउँदा सामान्य ब्यक्तिले आफ्नो घर रंगरोगन गर्दछ । के त्रियुगा नरपालिकासँग भवन रंग गर्ने पैसा नभएर नगरेको हो त ?



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्वल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | *स्रोतः तरकारी बजार व्यवस्थापन समिति* | |

# म पिपलको कसैलाई वास्ता छैन ?





❖ **बुद्धि कुमार राई**

*गाईघाट, साउन १३*

यो पिपलको बोट हो जुन उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको लोकतान्त्रिक पिपल चोकमा छ । यो पिपलको बोट रोप्ने ब्यक्ति गाईघाटका संस्थापक, समाजसेवी स्वर्गीय कमान सिङ चामलिङ दाम्दिवाछा अहिले स्वर्गारोहन भईसकेका छन् । यि पिपलले हजारौ मानिस, यात्रु, सर्वसाधरणहरुलाई शितल छाँया दिएको छ । पिपलको बोट मुनी शितल हुने भएकाले गर्मी मौसममा सबैभन्दा धेरै बृद्धबृद्धालाई शितलता दिएको छ ।

यो पिपलको बोट भएको क्षेत्र त्रियुगा नगरपालिकाको वडा नम्बर ११ मा पर्दछ । यस पिपलको बोटको सम्भार, संरक्षण गर्नु पहिलो प्राथामिकता स्थानीय टोल सुधार समिति, त्यस पिपल छेउमा घर भएका लिला राई, प्रभु राई, मोहन कार्की, मधु श्रेष्ठ, हिमालदर्शन कार्की, मेघराज थापा, ससा होटल, होटल भ्यू पोइन्ट, मेलिना होटलको जिम्मेवारी हो । आफ्नो टोल को पाटी पौवाको संरक्षण गर्नु स्थानीयको दायित्व हो । यो पिपलको बोट भएर यस क्षेत्र त्रियुगा नगरपालिका वडा नम्बर ११ गाईघाटका वडाध्यक्ष विश्वराज भटराई यो पिपललाई नै किनार बनाएर दिनमा कम्तिमा १० पटक हिड्छन् । वडा नम्बर ११ को वडाध्यक्षाको प्रत्यासीहरु सुमन्त कोईराला, लक्ष्मीनारायण श्रेष्ठ पनि यो बाटो दिनमा कम्तिमा पनि १० पटक ओहोर दोहो गर्दछन् । ति बाहेक त्रियुगा नगरपालिका वडा नम्बर ११ का वडासदस्यहरु बिष्णु श्रेष्ठ, तारा राई, शकुन्तला बिक, कर्मचारी महेश पौडेल, शशिका राई यो बाटो दिनमा कति हिड्छन भनि साध्य र गनिसाध्य छैन । तर यो पिपलले कसैको कठै भन्ने समय भएन । अरु त अरु जनआन्दोल २०६२ ,२०६३ मा यो पिपलचोकमा भएको रजत स्तम्भ उफि उपित्र भत्काउने भागवत राउत, प्रकाश बस्नेतहरुको समेत यो पिपलमा आँखा लागेन । अहिले पिपलको शितल चौतारीको संरक्षण नहुँदा पिपलको बस्ने चौतारा भत्किएको छ । बजारको मुटुमा रहेको चौताराको अबस्थाले गाईघाट बासीलाई गिज्याईरहेको छ । हजारौ आन्दोलन, शान्ति र्याली, मैनबत्ती प्रजवलन गर्नेहरु यही पिपलको चौताराई टेकेर म हुँ भन्नेहरु अहिले यो पिपलको संरक्षण गर्नु पर्नेमा दुलोमा लुकेर बसेका छन् ।

गाईघाट पिपलचोकका स्थानीय तथा बरिष्ठ अधिबक्ता मोहन बहादुर कार्की फेसबुकमा लेख्छन्, जति बेला संगम टोल सुधार समितिको अध्यक्ष म थिएकक,,,! संभवतः २०५७/०५८ तिर हुनुपर्छ,,,,!! त्यस समयमा मेरो अगुवाईमा संगम चोक नामाकरण गरी यो चौतारो निर्माण गरिएको हो,,,,,!! यस कार्यमा चोक वरीपरी बसोबास गर्नेहरुको आर्थिक ,भौतिक र नैतिक समर्थन र सहभागिता रहेको कुरा जानकारी गराउककन चाहान्छु,,, ,,,!! पछिल्लो समयमा पुनर्निर्माणको लागि सम्बन्धित निकायहरुलाई बेलाबेलामा ध्यानाकर्षण गरिएको पनि हो,,,, ,,!! तर कतैबाट सुनुवाई हुन नसकेको परिवेशमा बुद्दी भाईले कुरो उठान गरी सूचना संप्रेषण गरीदिएकोमा धन्यवाद टक्रयाउककन मन लाग्यो,,,,,!! जायज अनि सकारात्मक कुरो उठान भएको छ,,,,,!!! सम्बन्धित निकायको ध्यानाकर्षाण हुन सकोस्,,,,,,!!! शुभकामना,,,,, ,,!! । त्यस्तै स्थानीय शशी राई, बयानसिह राई, बर्णसिह बान्तवा राई, प्रकाश श्रेष्ठ, निरबहादुर खपाङ्गी मगर, अम्बर मगर, दिपक राई, सुष्मिता राई, अम्बिका राई किरण पाण्डे फेसबुकमा कमेन्ट गर्दछन् कि तुरुन्त यो चौताराको मर्मत सम्भार हुनुपर्यो । स्थानीय तथा पत्रकार महासंघ उदयपुरका सदस्य कुमार अबिरल मोते लेख्छन् त्रियुगा नगरपालिकाको ध्यान नपुगेको चोक, लोकतान्त्रिक चोक चाँडै पुननिर्माण भएको देख्न पाउँ । त्रियुगा उद्योग बाणिज्य संघका तत्कालिन प्रथम उपाध्यक्ष भरत चामलिङ राई, लोकेन्द्र केसी, नदिया राई, सोनम चामलिङ राईले पनि पिपलचोक लोकतान्त्रिक चोकको छिटो मर्मत सम्भार हुनुपर्यो । अब त वडाध्यक्ष र मेयरले बनाउछन् होला नी ?

## त्रियुगा .....

उदयपुरकै स्थानीय हुन्। उदयपुरमा नै जन्मेर त्रियुगा नगरपालिका उदयपुरको कार्यालय प्रमुख भएर सेवा गर्न पाएका खड्ग बहादुर शाखा अधिकृत खिलराज राई, खड्ग बहादुर कार्की र लक्ष्मण विक्रम थापा हुन्। शाखा अधिकृत हुँदा त्रियुगा नगरपालिकाको ११ औं कार्यकारी अधिकृत भएर काम गरेका त्रियुगा नगरपालिका १५ खाँबु छामलिङमा जन्मेका खिलराज राई अहिले उपसचिबको जिम्मेबारीमा कार्यरत छन्।

सरकारले कर्मचारीहरु सरुवा गरिरहेको पछिल्लो समयमा त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बिक्रम थापा सम्भवत मन्त्रालय सरुवा हुनेछन्। उनको ठाउँमा नयाँ उपसचिव त्रियुगा नगरपालिकाको १९ औं कार्यालय प्रमुख भएर आउनेछन्। सरुवा नभएको खण्डमा थापानै पुन नगरपालिकामा हाजिर हुनेछन्। त्रियुगा नगरपालिकाको दोस्रो कार्यालय प्रमुख कार्यकारी अधिकृत पुष्पराज ढुङ्गाना २०५४ साल माघ २८ आएर २०५५ साल भदौ १७ गते गए। तेस्रो कार्यकारी अधिकृतको रुपमा राधाकृष्ण श्रेष्ठ २०५५ साल मंसिर ६ गते आएर २०५७ साल फागुन ११ गते गए। चौथो कार्यकारी अधिकृत मेघनाथ काफ्ले २०५७ साल चैत १३ गते आएर २०५८ साल फागुन २० गते गए।

पाचौं कार्यालय प्रमुख तथा कार्यकारी अधिकृत ध्रुव कुमार पोखरेल २०५८ चैत१९ गते आएर २०६० असोज २३ गते गए। नगरपालिकाको छैठो कार्यालय प्रमुख भएर आएका बिजयराज सुवेदी २०६० असोज ५ गते आएर २०६२ असोज १२ गते सरुवा भएर गए। सातौं कार्यकारी अधिकृत भएर आएका कमल बहादुर बिष्ट २०६२ कातिक ७ गते आएर २०६३ साल चैत १ गते सरुवा भएर गए। आठौं कार्यकारी अधिकृत भएर २०६३ साल चैत ७ गते आएका दिपक कोईराला २०६५ साल पुस २६ गते गए। खगेन्द्र २०६५ साल पुस २७ गते ९ औं कार्यकारी अधिकृत भएर आए भने उनी २०६८ साल साउन ४ गते सरुवा भएर गए। नगरपालिकाको १० औं कार्यकारीको रुपमा दुर्गा प्रसाद भुर्तेल २०६८ साल साउन १३ गते आएर २०६८ साल पुस २२ गते सरुवा भई अर्को ठाउँ गए।

उदयपुर जिल्ला त्रियुगा नगरपालिकामा नै जन्मथलो भएका खिलराज राई ११ औं कार्यकारी अधिकृत भएर २०६८ साल पुस २५ गते आएर करिब २२ महिना काम गरेर २०७० साल कातिक ६ गते सरुवा भई गए। ११ औं कार्यालय प्रमुख रहँदा सम्म नगरपालिकाले शाखा अधिकृत पाएका थिए। १२ औं कार्यकारी अधिकृत रुपमा एक तह माथिल्लो तहका उपसचिब कार्यकारी अधिकृत भएर खड्ग बहादुर कार्की २०७० साल कातिक ६ गते आएर २०७३ साल कातिक २४ गते सरुवा भई गए। नगरपालिकाको १३ औं कार्यकारी अधिकृत तथा दोस्रो उपसचिब भानुभक्त न्यौपाने २०७३ साल कातिक २९ गते आई २०७३ साल चैत ८ गते सरुवा भई गए।

१४ औं कार्यकारी अधिकृतको रुपमा २०७३ साल चैत ९ गते आएका तेस्रो उपसचिव उद्धव प्रसाद रिजाल २०७४ कातिक १४ गते सरुवा भएर गए। त्रियुगा नगरपालिकाको १४ औं कार्यालय प्रमुख सम्म कार्यकारी अधिकृत भएर काम गरिरहेको उपसचिबको जिम्मेवारीलाई २०७४ कातिक१५ गतेदेखि तारा प्रसाद लुईटेलको पालादेखि प्रमुख प्रशासकिय अधिकृतको रुपमा जिम्मेवारी दिईयो। २०५४ सालदेखि २०७८ सालसम्म बितेको २४ बर्षमा ११ शाखा अधिकृत र ७ वटा उपसचिबको नेतृत्व पाईसकेको नगरपालिकाको १६ औं कार्यालय प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको रुपमा २०७५ साल कातिक १२ गते बिदुर प्रसाद खनाल ७ महिना काम गरेर २०७६ साल जेठ ६ गते सरुवा भएर गए। १७ औं प्रमुख प्रशासकिय अधिकृत भएर आएका छैठौ उपसचिव सोम प्रसाद भटराई २०७६ साल जेठ १३ गते आएर २०७६ असार ५ गते सरुवा गए। त्यसपछि १८ औं कार्यालय प्रमुखको रुपमा उपसचिव लक्ष्मण बिक्रम थापा २०७६ असार ६ गते सातौं उपसचिब भएर आएका हुन्।







## गाईघाट ......

देखि बिराटनगर काकडभिट्टा सबै ठाँउ गाडीहरू जाने गर्दछन्। हिमाली यातायात व्यवशायी केन्द्र गाइघाटमा अहिले आधिकारिक रुपमा ३५ जना कर्मचारी छन् भने ति बाहेक ३ सय बढि अप्रत्यक्ष कर्मचारी कार्यरत छन्। लामो समय लकडाउन भएकोले धेरै पछि गाडि चलाउँदा इन्जिन सिल हुने, टायर पम्चर हुने यात्रु नहुने जस्ता समस्या रहेको छ। बसपार्कमा दर्जनौ गाडिहरु त्यत्तिकै बसिरहेका छन्। त्यसको क्षतिपुर्ती सरकारले तिर्नु पर्ने तर बेवास्ता गरेको छ। यसको लागि महासघले मन्त्रीहरु सग भेटेर कुरा गरि पहल गर्दा समेत वास्ता नगरेको अवस्था रहेको अध्यक्ष मैनालीले बताए। गाईघाटबाट बिराटनगर १ दिनमा ४० ओटा जाने गर्छन। तर यात्रुहरू १० ओटा गाडिको लागि मात्र प्रयाप्त हुने गर्दछ। व्यवशायीहरुले एउटा गाडि बराबर ५५ लाख लगानी लगाएका छन्।

हिमाली संघ केन्द्रमा कसैले एउटा कसैले ४ जना मिलेर लगानी लगाएका छन्। हिमाली संघ भित्र अटो पनि रहेको रकुनै दर्ता नभएको अटोहरु दुर्घटनामा पर्दा असजिलो हुने गरेको छ। ब्यावसायीहरुले गाडि भाडा बढाउएको होइन सरकारले पेट्रोलको मुल्य बढाएकाले राज्यले भाडा बढाएको यात्रुहरुले बुझ्नु पर्ने अध्यक्ष मैनालिको भनाइ रहेको छ।




गाईघाटे सेकुवा कर्नर...

सम्पर्क – ९८६२९३६९१०
९८१९७४५०६७
स्थान – गाईघाट
टेम्पुचोक

सस्तोमा गिफ्टका सामान र गुडीया

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड।
प्रोपाईटर : एनुका राई सम्पर्क :- ९८१५७७१०५२
यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ।
खुवालुङ गुडीया सप्लायर्स

नारायणी ग्यासको अधिकृत विक्रेता (डिलर),गाईघाट

यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ।
बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

*प्रायोजक नै नभेटेको भन्दै बंगलादेशले साफ आयोजना गर्नु नसक्ने बताएको थियो । त्यसपछि नेपाल, भारत र माल्दिभ्सले चाँहि श्रीलंकासँग मिलेर साफ आयोजना गर्नु दाबि पेश गरेको थियो ।*



# ओलम्पिक फुटबलमा अर्जेन्टिना, फ्रान्स, जर्मनी समुह चरणबाटै बाहिरिए

❖ बिबेक राई

*उदयपुर, साउन १३*

जापानमा भइरहेको ओलम्पिक फुटबलमा अर्जेन्टिना, फ्रान्स, जर्मनीजस्ता बलिया टोलीहरु समुह चरपबाटै बाहिरिएका छन्। महिला फुटबलको समुह चरण सकिएको एकदिनपछिनै भएको पुरुष फुटबलको समुह चरणको अन्तिम खेलपछि सो नतिजा आएको हो। तीन समुह रहेको महिला फुटबलको समुह चरण मंगलबार सकिएको थियो। चार समुह रहेको पुरुष फुटबलको समुह चरप भने बुधबार आएर सकिएको हो। समुह ए बाट आयोजक जापान शानदार नतिजासहित समुह चरप पार गर्न सफल भयो।

जापानले आफ्नो समुहको तीनवटै खेल जित्यो । समुहमा शतप्रतिशत जीत निकालेर जारी प्रतियोगिताको क्वाटरफाइनल पुग्ने जापान एकमात्र टोली हो । जापानबाहेक कुनैपनि टोलीले शतप्रतिशत जीत निकाल्न सकेन । समुह ए मा जापानले पहिलो खेलमा दक्षिण अफ्रिकालाई १-० ले, दोस्रोमा मेक्सिकोलाई २-१ र तेस्रोमा फ्रान्सलाई ४-०को भारि अन्तरले पराजित गरेको थियो । मेक्सिकोले फ्रान्समाथि ४-१ जीत निकालेपछि दोस्रो खेलमा जापानसँग पराजित भएपनि तेस्रोमा दक्षिण अफ्रिकालाई ३-० ले पराजित गरेपछि समुह उपविजेता बन्दै शिर्ष आठ पुग्न सफल भयो।

समुहमा पहिलो खेल हारेपछि फ्रान्सले दोस्रो खेलमा दक्षिण अफ्रिकामाथि ४-३ को प्रतिस्पर्धात्मक जीत निकालेको थियो। जापानविरुद्धको समुहको अन्तिम खेल फ्रान्सको लागि महत्वपूर्ण थियो तर ७४ औं मिनेटमा आफ्ना खेलाडी केलो मुएनीले रातो कार्ड पाउनुका साथै फराकिलो अन्तरले पराजित भएपछि फ्रान्स समुह चरणबाटै बाहिरिनु बाध्य भयो । अझ फ्रान्सले प्रतियोगिताभर खाएको ११ गोल जारी प्रतियोगितामा कुनैपनि टोलीले खाएको सबैभन्दा बढि गोल हो।

समुह ए मा दक्षिण अफ्रिका एउटै खेल नजिति बाहिरियो । समुह बी को कुरा गर्दा यस समुहमा यति प्रतिस्पर्धा रह्यो कि यस समुहभित्रका चारै टोलीले एकअर्कालाई पराजित गर्न सफल भए। दक्षिण कोरियालाई न्यूजिल्याण्डले, न्यूजिल्याण्डलाई होण्डुरसले, होण्डुरसलाई रोमानिया र रोमानियालाई दक्षिण कोरियाले पराजित गरे । यतिका प्रतिस्पर्धाबीच दक्षिण कोरिया र न्यूजिल्याण्ड समुह विजेता र उपविजेताको हैसियतमा अघि बढ्दा रोमानिया र होण्डुरस प्रतियोगिताबाटै बाहिरिए ।

यस प्रतियोगितामा दक्षिण कोरियाले अचम्मको प्रदर्शन गर्‍यो । समुहको पहिलो खेलमै न्यूजिल्याण्डसँग १-० ले पराजित भएपनि दोस्रोमा रोमानियालाई ४-० र तेस्रोमा होण्डुरसलाई ६-० ले पराजित गर्दै सुधारिएको प्रदर्शन गर्‍यो । अझ होण्डुरसमाथिको जीत त जारी प्रतियोगितामै सबैभन्दा फराकिलो जीत हो । समुह बी मा न्यूजील्याण्ड र रोमानियाकोसमान चार अंक भएपनि रोमानिया गोलअन्तरमा पछि पर्‍यो। होण्डुरसलाई१-०ले हराउँदै रोमानियाले प्रतियोगितामा जीतबाट यात्रा सुरु गरेको थियो ।

तर रोमानिया त्यहि एक गोलमा सीमित भयो । त्यसपछि रोमानियाले दक्षिप कोरियालाई नतिजा सुम्पिएको थियोभने अन्तिममा न्यूजिल्याण्डसँग गोलरहित बराबरी खेलेको थियो । तर गोलअन्तरमा न्यूजिल्याण्ड अघि बढ्न सफल भयो। बरु रोमानिया प्रतियोगितामा सबैभन्दा थोरै मात्र एक गोल गर्ने टोली बन्यो। समुह सी बाट स्पेन र इजिप्ट क्वाटरफाइनल पुग्दा अर्जेन्टिना र अष्ट्रेलिया समुह चरपबाटै बाहिरिए । अचम्मको कुरो त यस समुहमा सबै टोलीले समान दुईदुई गोल गरे।

समुहमा उपविजेता इजिप्ट र अर्जेन्टिनाको समान चार अंक भएको थियो। अर्जेन्टिनाले इजिप्टलाई समुहमा १-० ले पराजित गरेको भएपनि हेड टु हेड नियम लागु भएन । त्यसपछि गोलअन्तरमा पछि पर्दै अर्जेन्टिना समुह चरणबाटै बाहिरियो। अन्तिम समुह डी मा ब्राजिल र आइभरी कोस्ट शिर्ष आठ पुग्दा जर्मनी र साउदी अरबिया समुह चरणबाटै बाहिरिए । जर्मनी त गत संस्करपको उपविजेता अर्थात रजत पदक विजेता रहेको थियो। साउदी अरबिया भने एउटै खेल नजिति बाहिरियो ।





**त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–बिनोदकुमार पाण्डे सम्पर्कः– ९८५२८३०५८२** *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३७५८२





## प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४


## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।

सम्पर्क –९८४२९९४३३०





माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट